**ठेक्का सम्बन्धी शर्तहरू :**

१.ठेक्कामा सहभागी हुन चाहने फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र आ.व. ०७७/७८ को लागि फर्म/कम्पनीको नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई E-Bidding गर्न सकिने छ र E-Bidding मार्फत बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर बापतको रकम रु. ५,०००।- (अक्षेरुपी पाँच हजार) यस कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लि., बैरेनी धादिङमा रहेको ग १-१ आन्तरिक राजस्व खाता गल्छी खाता नं. ८१०४०१००००००४ मा रकम जम्मा गरि सो बैंक भौचर समेत स्क्यानिङ्ग गरी Upload गर्नुपर्नेछ ।

२. E-Bidding गर्ने बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्नेछ । अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन ।

३. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षर भरी प्रत्येक पानामा सहि छाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई Upload गर्न सकिनेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ साथै फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र फाराम साथ बोलपत्र जमानत बापतको रकम (कबोल अंकको ५% ले हुने आउने रकम) यस गाउँपालिका कार्यालयको ग्लोबल आई.एम.ई. बैंक लि. बैरेनी धादिङमा रहेको ग-३ धरौटी खाता गल्छी खाता नं. ८१०१०१००००१९१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ । साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ ।

५. यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३०% ले हुन आउने रकम ग्लोबल आई.एम.ई. बैंक लि. बैरेनी धादिङ स्थित यस कार्यालयको ग.६.१ विभाज्य कोष खाता गल्छी खाता नं. ८१०४०१००००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र ठेक्का अंकले बुझाउन बाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

७. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने मु.अ.कर, अग्रिम कर, आय कर लगायतका सम्पूर्ण करहरु ठेकेदार स्वयंले आफनो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।

८. ठेक्का अवधी गल्छी गाउँपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि २०७८ साल असार मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधीमा पनि संकलन तथा विक्री गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा समेत कुनै पनि क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको अवधीमा नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाइने छैन तर बिभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री ओसार पसार तथा विक्री गर्न सकिनेछ ।

९. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । वा फोन नम्बर ०१०-४०३१५६/४०३१६०/४०३१९२ मा सम्पर्क राख्न सकिनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार, बागमती प्रदेश सरकारबाट ढुङ्गा, गिटी, बालुवा, माटो, स्लेट, ग्राभेल, रोडा निकासी तथा विक्री कर लाग्ने अन्य मालबस्तुहरु सम्बन्धी कार्यवधि स्वीकृत गरेको अवस्थामा सोका शर्तहरु र गल्छी गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयन गर्नु फर्म/कम्पनीको कर्तव्य हुनेछ ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

११. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गल्छी गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

मोहनकुमार
प्रमुख प्रशासकीय